# कविलासी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कविलासी, सर्लाही

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं. : २०८२

मिति २०८३।०३।३२

श्री वडा कार्यालय (सबै)

कविलासी नगरपालिका

विषय :सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नविकरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा महिला,बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार,काठमाण्डौंको प.सं ०८२।०८३ च.नं ६७० मिति २०८३।०३।३१ गतेको पत्र यसै साथ संलग्न छ ।व्यहोरा अवगत भई आवश्यक कार्य गर्नु हुन व्यहोरा जानकारी गराईन्छ ।

२०८३।०३।३२

राज किशोर महतो

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प.सं.:- /सं.सं.स /०८२/८३
च.नं.:- 660

मिति २०८३/०३/३१
नेपाल सम्वत्:११४६

श्री स्थानीय तह सबै।

विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सुचिकरण तथा नविकरण सम्बन्धमा ।

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली,२०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु गराउनुहुन ।

२. सबै लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत- **Biometric** गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान **(Biometric Device-Finger Print/Iris Device)** मार्फत गर्नु गराउनुहुन ।

४. सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने समय असोज मसान्त सम्म रहेको हुँदा वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालय मार्फत आवश्यक सहजीकरण गर्नुहुन ।

(नोटः १. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

२. यस उप्रान्त सामाजिक सुरक्षा सम्बन्धमा पत्राचार, सम्पर्क गर्दा यस मन्त्रालयको इमेल socialsecurity@mowcgss.gov.np, फोनं. नं. ०१-४२००२७५ मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ।।)

(सुशिला पौडेल)
शाखा अधिकृत